ऐन नं ८
प्रमाणीकरण गर्ने

भरतकुमार थापा

( नगरप्रमुख)

प्रमाणीकरण मिति :२०७५।९।६

# बागमती नगर शिक्षा ऐन २०७५

नगर सभाबाट स्वीकृत मिति : २०७५।९।५

**प्रस्तावना :** नेपालको संविधान बमोजिम स्थानीय तहलाई प्राप्त शिक्षा सम्बन्धी अधिकार कार्यन्वयन गर्न र बागमती
नगरपालिका क्षेत्र भित्र स्थापना हुने तथा स्थापना भई संचालनमा रहेका आधारभुत तथा माध्यमिक विद्यालयहरुको व्यवस्थापन
सुधार गर्दै गुणस्तरीय शिक्षाको विकास गर्न वान्छनिय भएकोले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार संचालन
ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बागमती नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम'बागमती नगर शिक्षा ऐन, २०७५' रहेको छ।
(२) यो ऐन बागमती नगरपालिकाको क्षेत्र भित्र लागु हुनेछ।
(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**(२) परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा -
(क)'ऐन' भन्नाले 'बागमती नगर शिक्षा ऐन,२०७५' लाई सम्झनु पर्छ।
(ख)'संघीय शिक्षा ऐन' भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐन लाई सम्झनु पर्छ।
(ग) 'प्रदेश शिक्षा ऐन'भन्नाले प्रदेश नं.२, को संसदले बनाएको शिक्षा ऐनलाई सम्झनु पर्छ।
(घ) 'नगरपालिका' भन्नाले नेपालको संविधान बमोजिम स्थापना भएको बागमती नगरपालिकालाई सम्झनु पर्छ।
(ङ)'कार्यपालिका' भन्नाले बागमती नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।
(च) 'विद्यालय शिक्षा' भन्नाले आधारभुत शिक्षा र माध्यमिक शिक्षा सम्झनु पर्छ।
(छ) 'प्रारम्भिक बाल शिक्षा' भन्नाले ४ वर्ष उमेर पुरा भइ ५ वर्ष उमेर पुरा नगरेको बालबालिकाको लागि दिईने प्रारम्भिक
बालशिक्षालाई सम्झनु पर्छ।
(ज) 'आधारभुत शिक्षा' भन्नाले प्रारम्भिक बालशिक्षा देखी कक्षा ८ सम्म दिईने शिक्षा सम्झनुपर्छ।
(झ) 'माध्यामिक शिक्षा' भन्नाले कक्षा ९ देखी १२ सम्म दिईने शिक्षा सम्झनु पर्छ।
(ञ) 'विशेष शिक्षा' भन्नाले दृष्टि विहिन ,बहिरा, अटिजम, बौद्धिक अपांगता , सुष्त श्रवण वा अति असक्त शारीरिक अपांगता
भएका बालबालिकालाई छुट्टै समुहमा राखी विशेष प्रकार र निष्चित माध्यमबाट दिईने शिक्षा सम्झनु पर्छ।
(ट) 'समावेशी शिक्षा' भन्नाले देहायको शिक्षा सम्झनु पर्छ।
१. दृष्टिविहिन , न्युन दृष्टियुक्त,सुष्त श्रवण, बहिरा, अटिजम, बौद्धिक शारीरिक वा अन्य अपंगता भएका बालबालिकालाई
नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिईने शिक्षा।
२. सामाजिक, आर्थिक वा भौलिक कारणले पछाडि परेको व्यक्तिलाई विभेद रहित बातावरणमा दिईने शिक्षा।
(ठ) 'प्राविधिक तथा व्यवसायिक शिक्षा' भन्नाले प्राविधिक ज्ञान सिप तथा विषय वस्तु सिकाईको व्यवस्था गरी प्राविधि र
व्यवसायिक शिक्षा प्रदान गर्न कक्षा ९ देखी १२ सम्म दिईने शिक्षालाई सम्झनु पर्छ।
(ड) 'विद्यालय ' भन्नाले सामुदायिक विद्यालय र संस्थागत विद्यालय सम्झनु पर्छ।
(ढ)'सामुदायिक विद्यालय' भन्नाले सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमती वा स्वीकृत प्राप्त विद्यालय सम्झनु
पर्छ।

(ण) 'संस्थागत विद्यालय' भन्नाले सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमती वा स्वीकृती प्राप्त विद्यालय सम्झनु पर्छ।

(त) 'प्रारम्भिक बालशिक्षा केन्द्र' भन्नाले खण्ड (छ) बमोजिमको शिक्षा दिन खोलिएको प्रारम्भिक बालशिक्षा केन्द्र, नर्सरी, किण्डरगार्डेन र मण्टेश्वरी शिक्षा लगाएतलाई सम्झनु पर्छ।

(थ) 'आधारभुत विद्यालय' भन्नाले खण्ड (ज) बमोजिम को शिक्षा दिईने विद्यालय सम्झनु पर्छ।

(द) 'माध्यामिक विद्यालय' भन्नाले खण्ड (ज) र (झ) वा खण्ड (झ) बमोजिम शिक्षा दिईने विद्यालय सम्झनु पर्छ।

(ध) 'धार्मिक विद्यालय' भन्नाले परम्परागत रुपमा चलिआएको गुम्वा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ।

(न) 'आवसीय विद्यालय' भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाबाट आवसीय विद्यालयको रुपमा अनुमति वा स्वीकृति प्राप्त गरेको विद्यालयलाई सम्झनुपर्छ।

(प) 'मन्त्रालय' भन्नाले नेपाल सरकारको शिक्षा हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(फ) 'प्रदेश मन्त्रालय' भन्नाले प्रदेश नं.२ को शिक्षा हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(ब) 'शिक्षक सेवा आयोग' भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको शिक्षक तथा कर्मचारीहरुको स्थायी नियुक्तिका लागि सिफारिस गर्ने आयोग सम्झनुपर्छ।

(भ) 'पाठ्यक्रम विकास केन्द्र' भन्नाले संघीय ऐन बमोजिम गठन भएको पाठ्यक्रम निर्माणकोलागि जिम्मेवार निकाय सम्झनुपर्छ।

(म) 'विद्यालय शिक्षक किताव खाना' भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको विद्यालय शिक्षक किताव खाना सम्झनुपर्छ।

(य) 'प्रमुख भन्नाले' बामगती नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ।

(र) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले बागमती नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(ल) ' शाखा प्रमुख' भन्नाले बागमती नगरपालिकाको शैक्षिक प्रशासन शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ।

(व) 'निरिक्षक' भन्नाले विद्यालयको निरिक्षण एवम् सुपरिवेक्षण गर्न तोकिएको अधिकृत कर्मचारीलाई सम्झनुपर्छ।

(श) 'प्रधानाध्यापक' भन्नाले विद्यालयको प्रागिक एवम् प्रशासकीय प्रमुखको रुपमा नियम अनुसार नियुक्ती भएको विद्यालयको प्रधानाध्यापक सम्झनुपर्छ।

(ष) 'शिक्षक' भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ, र सो शव्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(स) 'अभिभावक' भन्नाले विद्यालयमा अध्ययनरत विधार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनाइएको व्यक्ति सम्झनुपर्छ र सो शव्दले विद्यालय व्यवस्थापन समितिको गठन गर्ने प्रयोजनकालागि विद्यार्थीको बुवा वा आमा वा बाबु तर्फको बाजे वा बजैलाई जनाउछ।

(ह) 'कर्मचारी' भन्नाले विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारीलाई सम्झनुपर्छ।

(क्ष) 'माध्यामिक शिक्षा उर्त्तिण परीक्षा' भन्नाले माध्यामिक तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ।

(त्र) 'आधारभुत शिक्षा उर्त्तिण परीक्षा' भन्नाले आधारभुत तहको अन्त्यमा हुने परिक्षा सम्झनुपर्छ।

(ज्ञ)'अनुमति' भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति वा सहायता प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएको अस्थायी स्वीकृतिलाई सम्झनुपर्छ।

(ज्ञ१) 'स्वीकृति' भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई सम्झनुपर्छ।

(ज्ञ२) 'शैक्षिक गुठी' भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजि शैक्षिक गुठी सम्झनुपर्छ।

(ज्ञ३) 'शैक्षिक सत्र' भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराईने वार्षिक अवधि सम्झनुपर्छ।

(ज्ञ४) 'शिक्षा समिति' यसै ऐन बमोजिम गठन भएका नगर शिक्षा समितिलाई सम्झनुपर्छ।

(ज्ञ५) 'परीक्षा समिति' भन्नाले आधारभुत शिक्षाको अन्त्यमा लिईने परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्न गठित समितिलाई सम्झनुपर्छ।

(ज्ञ६) 'व्यवस्थापन समिति' भन्नाले यसै ऐन बमोजिम विद्यालयहरुमा गठनहुने विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

(ज्ञ७) 'शुल्क' भन्नाले तोकिए बमोजिमका विद्यालयले नियम अनुसार विधार्थीसँग लिन पाउने शुल्क सम्झनुपर्छ।

(ज्ञ८) 'संविधान' भन्नाले नेपालको संविधान सम्झनुपर्छ।

(ज्ञ९)'स्थानीय सरकार संचालन ऐन' भन्नाले संघीय संसदले जारीगरेको स्थानीय सरकार संचालन ऐन २०७४ सम्झनुपर्छ।

(ज्ञ१०) 'सभा' बागमती नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ।

(ज्ञ११) 'स्थानीय तह' भन्नाले नेपाल संविधान बमोजिम गठन भएको गाउँपालिका वा नगरपालिकालाई सम्झनुपर्छ।

(ज्ञ१२) 'तोकिएको वा तोकिए बमोजिम' भन्नाले यस ऐन अर्न्तगत बनेको नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्डमा तोकिएको बमोजिम सम्झनुपर्छ।

(ज्ञ१३) 'स्वयमसेवक शिक्षक ' भन्नाले नगरपालिकाले विद्यालयलाई दिएको अनुदानबाट निर्वाह खर्च पाउने गरि विद्यालयले करार सम्झौता गरेका शिक्षक भन्ने सम्झनु पर्नेछ।

**३.विद्यालय खोल्न अनुमति लिनुपर्ने :** (१) नगरपालिका बाहेक अन्य कुनै नेपाली नागरिकले विद्यालय खोल्न, कक्षा थप र तह थप गर्न चाहेमा सम्बन्धित वडाको सिफारिस सहित तोकिएको ढाँचामा नगरपालिकामा निवेदन दिनुपर्नेछ। त्यसरी निवेदन दिदा संस्थाले विद्यालय खोल्न चाहनेले सो विद्यालय शैक्षिक गुठि वा सहकारी कुन रुपमा संचालन गर्ने हो सो व्यहोरा समेत निवेदनमा उल्लेख गर्नू पर्ने छ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा शाखा प्रमुखले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्ने, गराउने छ जाचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिफ देखिएमा नगर शिक्षा समितिको निर्णय अनुसार तोकिएको सर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई संचालन रहेको विद्यालयले तोकिएको शर्त बन्देज पालना तथा पुरा गरेमा नगर कार्यपालिकाले सो विद्यालयलाई स्वीकृत प्रदान गर्न सक्नेछ।

(४) यो दफा प्रारम्भ हुदाको बखत कम्पनीको रुपमा संचालन रहेको विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी अर्न्तगत विद्यालय संचालन गर्न नगरपालिका समक्ष निवेदन दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विद्यालयको माग मनासिव देखिएमा माग बमोजिम नगर शिक्षा समितिले विद्यालय संचालन गर्न स्वीकृति प्रदान गर्न सक्नेछ।

(६) उपदफा (२) वा (३)मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठी वा सहकारीको रुपमा संचालन गर्न अनुमति दिईनेछैन।

(क) सरकारी वा सार्वजनिक भवनमा संचालन भएको विद्यालय

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई संचालन भएको विद्यालय

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गा भवन बनाई संचालन भएको विद्यालय ,

(७)(क) शैक्षिक गुठीको रुपमा विद्यालय संचालन गर्न चाहनेले शैक्षिक गुठी सम्बन्धी विद्यान बनाई नगरपालिकामा दर्ता गराउनु पर्नेछ।

(ख) शैक्षिक गुठी निजि वा सार्वजनिक गरी दुई किसिमले दर्ता गर्न सकिनेछ।

(ग) शैक्षिक गुठी वा सहकारी अर्न्तगत विद्यालय संचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(८) निजि स्रोतबाट प्रारम्भिक बाल शिक्षा केन्द्र खोल्ने अनुमति वा स्वीकृति सम्बन्धी व्यवस्था उपदफा (१) बमोजिम हुनेछ।

(९) सामाजिक परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखि गुरुकुल, मदरसा, गुम्वा समेतका विद्यालय संचालन गर्न चाहेमा तोकेको प्रकृया पुरा गरी सार्वजनिक शैक्षिक गुठी अर्न्तगत विद्यालय संचालन गर्न सक्नेछ।

(१०) मातृभाषामा शिक्षादिने विद्यालयको अनुमति सम्बन्धी व्यवस्था उपदाफ (१) र (२) बमोजिम नै हुनेछ। प्रचलित नेपाल कानुन बमोजिम स्थापना भई संचालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम स्थापन भएको मानिनेछ।

(११) प्रचलित नेपाल कानुन बमोजिम स्थापन भई संचालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम स्थापना भएको मानिनेछ।

(१२) उपदफा (९) बमोजिम अनुमति वा स्वीकृत प्राप्त विद्यालयको संचालन सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**(४) विशेष शिक्षा, समावेशि शिक्षा , अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा तथा खुला शिक्षा संचालन सम्बन्धी व्यवस्था :**

(१) नगरपालिकाले आवश्यकपूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा समावेशी शिक्षा, दुर तथा खुला शिक्षा संचालनको व्यवस्था गर्नेछ ।

(२) विशेष शिक्षा र समावेशी शिक्षा सम्बन्धी व्यवस्था साधारण शिक्षा सरह हुनेछ ।

(३) उपदफा (२) मा जुन सुकै कुरा लेखिएको भएता पनि विशेषशिक्षा तर्फ अध्ययनरत वालवालिहरुकाको लागि पाठ्यक्रम, पाठ्यपुस्तक शिकाई सहजिकरण प्रकृया र मुल्यांकन प्रणालिमा फरक व्यवस्था गर्न सकिनेछ ।

(४) नगरपालिकाले आवश्यकता अनुसार सामुदायिक सिकाई केन्द्र मार्फत साक्षरोत्तर एवम् निरन्तर शिक्षा लगाएतका अन्य अनौपचारिक शैक्षिक कार्यकम संचालन गर्न सक्नेछ ।

(५) तोकिएको पुर्वाधार पुरा गरेको पाईएमा नगरपालिकाले कुनै संस्थागत विद्यालयलाई यस दफा मा उल्लेखित कार्यक्रमहरु आफ्नो स्रोतमा संचालन गर्न अनुमति दिन सक्नेछ ।

(६) विशेष शिक्षा, समावेशी शिक्षा अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दुर तथा खुला शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**(५) शिक्षाको प्रकार :**

(१) विद्यालय शिक्षाको प्रकार देहाय अनुसार हुनेछ ।

(क) आधारभुत शिक्षा : (१) साधारण शिक्षा परम्परागत धार्मिक शिक्षा

(२) परम्परागत शिक्षा

(ख) माध्यामिक शिक्षा : (१) साधारण शिक्षा

(२) परम्परागत धार्मिक शिक्षा

(३) प्राविधिक तथा व्यवसायिक शिक्षा

**६.शिक्षाको माध्यम :** (१) विद्यालयको शिक्षाको माध्याम नेपाली भाषा वा अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१)मा जुन सुकै कुरा लेखिएको भएतापनि देहायको अबस्थामा शिक्षाको माध्यम देहायबमोजिम हुनेछ ।

(क) आधारभुत तहको प्रारम्भिक वालशिक्षा देखी कक्षा ५ सम्म विधार्थीको मातृभाषामा शिक्षा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले विद्यालयमा अध्ययन गर्दा निजले चाहेमा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषा विषय अध्ययन गर्न सक्नेछ र सो सम्बन्धी व्यवस्था नगरपालिकाको समन्वयमा विद्यालयले मिलाउनु पर्नेछ ।

(ग) भाषा विषयमा अध्यापन गराउदा शिक्षाको माध्यम सोहि भाषा हुनेछ ।

**(७) विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक :** (१) विद्यालयले संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाबाट स्वीकृत पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सर्न्दभ सामाग्री लागु गर्नु पर्नेछ ।

(२) पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी अन्य व्यवस्था संघीय कानुन र प्रदेश कानुनमा व्यवस्था भए बमोजिम वा तोकिए बमोजिम हुनेछ ।

**(८) नगर शिक्षा समिति : (१)** नगरपालिका क्षेत्रभित्र संचालन भई रहेका र स्थापना हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय लगाएतको कार्य गर्नकालागि देहाए बमोजिम नगर शिक्षा समिति रहनेछ ।

(क) प्रमुख, बागमती नगरपालिका - अध्यक्ष

(ख) उपप्रमुख,बागमती नगरपालिका - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत, बागमती नगरपालिका - सदस्य

(घ) नगरपालिकाको समाजिक विकास समितिको संयोजक - सदस्य

(ङ) नगर कार्यपालिकाको सदस्यहरु मध्येबाट महिला वा दलित समुदायका प्रतिनिधित्व हुनेगरी नगर प्रमुखले तोकेको १ जना -सदस्य

(च) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्यबाट नगर शिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य

(छ) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्येबाट नगरपालिकाले मनोनित गरेका १ जना महिला सहित २ जना - सदस्य

(ञ) संस्थागत विद्यालयका प्रधानाध्यापक मध्य बाट शिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य

(ट) स्थानिय सामुदायिक संस्था वा शिक्षा क्षेत्रमा क्रियाशिल विज्ञ मध्यबाट समितिले मनोनित गरेको २ जना - सदस्य

(ठ) नेपाल शिक्षक महासंघको नगर समितिको अध्यक्ष वा निजले तोकेको नगर समितिको पदाधिकारी एक जना - सदस्य

(ड) नगर शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) समितिमा मनोनित सदस्यहरुको पदावदी २ वर्षको हुनेछ । त्यस्ता सदस्यहरुले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा निजलाई मनोनित गर्ने निकायले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(३) समितिले विषय विज्ञ वा अन्य कुनै कर्मचारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार : प्रचलित कानुन बमोजिम अन्यत्र लेखिएका काम, कर्तवय र अधिकारको अत्तिरिक्त नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) बालबालिकालाई आधारभुत शिक्षा सम्मको अध्ययन अनिवार्य रुपमा गराउन अभिभावकलाई जानकारी गराउने तथा त्यसका लागि प्रोत्साहन गर्ने ,

(ख) विद्यालयमा भर्ना भएका वा नभएका बालबालिकाको लगायत अन्य व्यक्तिको, उमेर, जात, लिंग समेतको आधारमा विवरण बनाई अध्यावधिक गराई राख्ने ,

(ग) विद्यालयको शैक्षिक योजना सम्बन्धी अभिलेख अध्यावधिक गराई राख्ने तथा त्यस्तो योजनाको अनुगमन गरी सम्बन्धीत निकायमा सुझाव पठाउने ,

(घ) व्यवस्थापन समितिलाई स्थानीय स्रोत, साधनको पहिचान र परिचालनमा सहयोग पुर्याउने तथा विद्यालयलाई प्राप्त स्रोतको बाडफाड गर्ने,

(ङ) गरीवीको रेखामुनी रहेको परिवारको लगत राखी त्यस्ता परिवारको बालबालिकालाई शिक्षामा सहभागिता गराउन आवश्यक व्यवस्था मिलाउने,

(च) व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने तथा शिक्षाको गुणात्मक विकासको लागि विद्यालयको सुपरिवेक्षण र अनुगमन गरी प्रधानाध्यापक, शिक्षक लगायत व्यवस्थापन समितिलाई आवश्यक सुझाव र सहयोग गर्ने,

(छ) विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्न जनचेतना मुलक कार्यक्रम, तालिम, गोष्ठी, सेमिनार आदि संचालन गर्ने,

(ज) विद्यालयको भौतिक स्थितिको अध्ययन गरी सुधारकोलागि सहयोग गर्ने,

(झ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण तयार गर्न सयोग गर्ने,

(ञ) नगरपालिका क्षेत्र भित्रका शिक्षित जनशक्तिको अभिलेख राखि त्यस्ता जनशक्तीलाई स्वयम् सेवक भई विद्यालयमा अध्यापन गर्न प्रोत्साहन गर्ने,

(ट) शिक्षकको कार्यदक्षताको आधारमा पुरस्कारको व्यवस्था गर्ने,

(ठ) आफ्नो क्षेत्रभित्रको बालबालिकाको विद्यालय शिक्षामा पहुच बढाउनका लागि व्यवस्था गर्ने,

(ड) विद्यालयको लागि आवश्यक स्रोत जुटाउने र परिचालन गर्ने,

(ढ) विद्यालय स्तरीय अन्तर खेलकुद तथा अत्तिरिक्त शैक्षिक क्रियाकलापको विकास तथा संचालन गराउने र सोको लागि पुरस्कारको व्यवस्था गर्ने,

(ण) आफ्नो क्षेत्रभित्र विशेष शिक्षा तथा समावेशी शिक्षा, गुरुकुल, मदरसा, गुम्वाबाट प्रदान गर्ने शिक्षा सम्बन्धी योजना तर्जुमा गर्ने,

(त) विद्यालयहरुको विपद्, जोखिम अवस्था लेखा जोखा गरी प्रभाव न्युनिकरणको लागि कार्ययोजना तयार गर्ने,

(थ) विद्यालय शिक्षामा सुधारका लागि नगर शिक्षा नीति तथा योजना बनाई स्वीकृतिका लागि नगर सभामा पेश गर्ने,

(द) आफ्नो सेवा क्षेत्र भित्र विद्यालय संचालन अनुमति स्वीकृत, विद्यालय सार्ने गाभ्ने लगायतका कार्य पर्ने गराउने,

(ध) आफ्नो सेवा क्षेत्रभित्रका शिक्षक कर्मचारीहरुको विवरण अद्यावधिक गराउने रिक्त दरवन्दिमा स्थायी नियुक्तिका लागि सिफारिस गर्न शिक्षक सेवा आयोगमा विस्तृत विवरण सहितको माग पेश गर्न लगाउने,

(न) कुनै शिक्षक वा र्कचारीलाई यस ऐन बमोजिम विद्यालय व्यवस्थापन समितिले कारवाहि गर्न अधिकार नभएको विषयमा कारवाहिको लागि समितिको राय सहितको प्रतिवेदन प्राप्त भएमा सो उपर कारवाही गर्ने गराउने,

(प) नगरको शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यन्वयन गर्न लगाउने,

(फ) विद्यालय नक्सांकन तथा समायोजन सम्बन्धी कार्य गर्ने,

(ब) बागमती नगरपालिका भित्रका सामुदायिक विद्यालयमा उत्कृट शिक्षक भित्र्याउन प्रोत्साहन गर्न आर्थिक कल्याण कोष स्थापना गर्न कार्यविधि बनाई लागु गर्ने,

**(९) शिक्षा समितिको बैठक :** (१) नगर शिक्षा समितिको वैठक सामान्यतया दुई महिनामा एक पटक बस्नेछ ।

(२) समितिका अध्यक्षको निर्देशनमा सदस्य सचिवले बैठक बोलाउनेछ ।

(३) बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**(१०) परीक्षा संचालन र व्यवस्थापन :** (१) माध्यामिक शिक्षाको कक्षा १० र माध्यामिक तहको अन्त्यमा हुने परीक्षाको संचालन संघीय शिक्षा ऐन र प्रदेश शिक्षा ऐन बमोजिम हुनेछ ।

(२) आधरभुत शिक्षा उर्त्तीण परीक्षा नगरपालिकाले संचालन गर्नेछ ।

(३) आधारभुत तह उर्त्तिण परीक्षा समिति : आधारभुत तह उर्त्तिण परीक्षाको संचालन तथा व्यवस्थापन नतिजा विश्लेषण समेत कार्य गर्न देहायबमोजिम आधार तह उर्त्तिण परीक्षा समिति हुनेछ ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत, बागमती नगरपालिका | अध्यक्ष |
| (ख) नगरपालिका भित्रको आधारभुत र माध्यामिक तहको सामुदायिक विद्यालयहरुको प्रतिनिधित्व हुनेगरी कम्तिमा एक जना महिला सहित परीक्षा समितिद्धारा मनोनित गरेको २ जना | सदस्य |
| (ग) नगरपालिका भित्रका संस्थागत विद्यालयका शिक्षकहरु मध्येबाट परीक्षा समितिद्धारा मनोनित गरेको एक जना | सदस्य |
| (घ) शिक्षा शाखा प्रमुख, बागमती नगरपालिका | सदस्य सचिव |

(४) समितिको मनोनित सदस्यको पदावधी २ वर्षको हुनेछ ।

(५) परीक्षा समितिले विषय विशेषज्ञ वा कुनै कर्मचारीलाई बैठकमा भागलिन आमन्त्रण गर्न सक्नेछ ।

(६) परीक्षा समितिको वैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) आधारभुत तह उर्त्तिण परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) परीक्षा संचालन सम्बन्धमा नीति निर्धारण गर्ने।

(ख) नरपालिकाले तोकेको न्यूनतम शैक्षिक स्तर कायम गरेका विद्यालयलाई आफ्नो विद्यालयको परीक्षा आफै वा समुहगत रुपमा संचालन गर्न अनुमति दिने ।

(ग) परीक्षा केन्द्र तोक्ने र केन्द्राध्यक्ष नियुक्ती गर्ने ।

(घ) प्रश्नपत्र निर्माण, उत्तर कुञ्जिका निर्माण, उत्तर पुस्तिका परीक्षण तथा समपरीक्षण गराउने ।

(ङ) विद्यालयलाई समुहमा विभाजन गरी परीक्षा संचालन गर्ने ।

(च) परीक्षाफल प्रकाशित गराउने तथा उर्त्तिण परिक्षार्थीहरुलाई प्रमाण पत्र दिने,

(छ) परीक्षा शूल्क तथा परीक्षा सम्बन्धी संलग्न व्यक्तीको पारिश्रमिक निर्धारण गर्ने,

(ज) कुनै परीक्षा केन्द्रमा अनियमितता भएमा आवश्यत्ता अनुसार परीक्षा बदर गरी पुनः परीक्षा गराउने वा त्यस्तो परीक्षा केन्द्र बन्द गर्ने,

(झ) दैवीप्रकोप वा अन्य कुनै कारणबाट परीक्षा निर्धारित समयमा संचालन गर्न वा परीक्षाफल प्रकाशित गर्न बाधा पर्न गएमा तुरुन्त आवश्यक निर्णय लने,

(ञ) नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाले तोकिए बमोजिम अन्य कार्य गर्ने,

(ट) परीक्षा समितिले आफलाई प्राप्त अधिकार मध्य आवश्यक्ता अनुसार केहि अधिकार कुनै उप समिति वा कार्य टोली वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**(११) नगर शिक्षा कोष :** (१) सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकहरुलाई प्रात्साहन तथा क्षमता विकास कार्य गर्न तथा आधारभुत तह परीक्षा संचालनमा सहयोग पुर्‍याउन नगरपालिका एक नगर शिक्षा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायबमोजिमको रकम रहनेछ :-

(क) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) संस्थागत विद्यालयबाट प्राप्त तोकिए बमोजिमको रकम,

(ग) शिक्षा समिति तथा परीक्षा समितिको निर्णय अनुसार प्राप्त हुने रकम,
(घ) अन्य स्रोतबाट प्राप्त रकम,
(३) कोषको संचालन व्यवस्थापन र परिचालन शिक्षा समितिको निर्णय अनुसार हुनेछ ।

(१२) **विद्यालय व्यबस्थापन समिति:** (१) सामुदायिक विद्यालयको संचालन रेखदेख र संचालन गर्नका लागि प्रत्येक विद्यालयमा देहायको सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।
(क) अभिभावकहरुले आफुहरु मध्येबाट छानी पठाएको २ जना महिला सहित ४ जना - सदस्य
(ख) विद्यालय रहेको सम्बन्धीत वडाको वडा अध्यक्ष वा वडा समितिले मनोनित गरेको वडा समितिको सदस्य - सदस्य
(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षा प्रेमी, विद्यालयलाई निरन्तर १० वर्ष देखी सहयोग गर्ने वा विद्यालयलाई १० लाख वा सो भन्दा बढि नगद वा जिन्सी सहयोग गरेको व्यक्तीहरु मध्यबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना महिला सहित २ जना - सदस्य
(घ) विद्यालयका शिक्षकहरुले आफु मध्येबाट छानी पठाएको १ जना - सदस्य
(ङ) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव
(२) विशेष शिक्षा संचालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा ५० प्रतिशत सदस्यहरु अपांगता भएका विद्यार्थीका अभिभावकहरु र समावेशी वा स्रोत कक्षा संचालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा एक जना सदस्य अपांगता भएका विद्यार्थीका अभिभावक रहने छन् ।
(३) प्राविधिक वा व्यवसायिक विषयमा अध्यापन गराउने माध्यामिका विद्यालयको विद्यालय व्यवस्थापन समितिमा उधोग तथा बाणिज्य संघका २ जना प्रतिनिधि सदस्य रहनेछ ।
(४) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क) (ख) र (ग) बमोजिमका सदस्यहरु मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।
(५) विद्यालय व्यवस्थाप समितिको अध्यक्ष छनोट नभए सम्मका लागि वा अध्यक्षको अनुपस्थितीमा सो समितिका जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।
(६) सम्बन्धित विद्यालय निरिक्षक र स्रोत व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा भाग लिन आमन्त्रण गर्नु पर्नेछ ।
(७) संस्थागत विद्यालयको संचालन रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहेछ ।
(क) विद्यालयका संस्थापक, लगानी कर्ता वा अभिभावकहरु मध्येबाट विद्यालयको सिफारिसमा नगरपालिकाले मनोनित गरेको व्यक्ति -अध्यक्ष
(ख) अभिभावकहरुले आफु मध्येबाट छानी पठाएको एक जना महिला सहित २ जना -सदस्य
(ग) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले मनोनित गरेको वडा समितिको सदस्य - सदस्य
(घ) सम्बन्धित विद्यालय निरीक्षक - सदस्य
(ङ) विद्यालयको शिक्षकले आफुहरु मध्येबाट छानी पठाएको एक जना - सदस्य
(च) विद्यालयको प्रधानाध्यापक - सदस्य - सचिव
(८) उपदफा (१) (४) र (७) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधी ३ वर्षको हुनेछ, त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर यसरी हटाउन अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बन्चित गरिने छैन ।
(९) सामुदायिक विद्यालयको व्यवस्थापन समिति काम, कर्तव्य र अधिकार देहाय बमोजम हुनेछ ।
(क) विद्यालय संचालन, रेखदेख, निरिक्षण र व्यवस्थापन गर्ने,
(ख) विद्यालयमा चाहिने आर्थिक स्रोत जुटाउने,
(ग) शिक्षक तथा कर्मचारीलाई तालिमको लागि छनौट गर्ने,
(घ) शिक्षक तथा कर्मचारीहरुको सेवाको सुरक्षा र सम्बर्द्धन गर्ने,
(ङ) विद्यालयको स्रोतबाट व्यहोने गरी शिक्षक तथा कर्मचारी नियुक्ती गर्ने,
त्यसरी नियुक्त शिक्षक तथा कर्मचारीलाई नगरपालिकाले समान तहका शिक्षक तथा कर्मचारीलाई तोकिएको तलव स्केलमा नघटाई तलव भत्ता दिने,

(च) नेपाल सरकारबाट स्वीकृत भएको दरबन्दीको शिक्षक तथा कर्मचारीको पद रिक्त हुन आएमा स्थायी पदपुर्तिको लागि सो
पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र विद्यालय व्यवस्थापन समितिको निर्णयसहित नगरपालिकामा लेखी पठाउने,

(छ) विद्यालयको शिक्षक तथा कर्मचारीहरुको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारवाही गर्ने,

(ज) कुनै शिक्षक वा कर्मचारीलाई यस ऐन वा प्रचलित नेपाल सरकारको कानुन बमोजिम विद्यालय व्यवस्थापन समितिले कारवाही गर्न पाउने विषयमा विभागीय कारवाही गरी त्यसको जानकारी नगरपालिकालाई दिने तथा आफुलाई कारवाही गर्न अधिकार नभएको विषयमा कारवाहीकालागि सिफारिस गर्नु पर्ने भएमा आवश्यत्ता अनुसार आफ्नो राय सहितको प्रतिवेदन नगरपालिकामा पठाउने,

(झ) विद्यालय सुधार योजना निर्माण गर्न कार्यान्वयन गर्ने,

(ञ) विद्यालयको शैक्षिकस्तर वृद्धि गर्न आवश्यक शैक्षिक सामाग्रीहरुको व्यवस्था गर्ने,

(ट) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट संचालन हुने विभिन्न कार्यकमहरुमा विद्यालयलाई सरिक गराउने,

(ठ) विद्यार्थीहरुले पालना गर्नूपर्ने आचारसंहिता बनाई लागु गर्ने,

(ड) शिक्षक तथा कर्मचारीहरुको अभिलेख अद्यावधिक गराई राख्ने,

(ढ) प्रत्येक वर्ष विद्यालयका चन्दा दाता र अभिभावकहरुको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आयव्यय तथा शैक्षिक उपलव्धी र आगामी वर्षको शैक्षिक कार्यकमको सम्बन्धमा जानकारी गराउने,

(ण) विद्यालयको लेखापरीक्षणको लागि प्रचलित कानुन बमोजिम दर्ता भएको लेखा परीक्षकहरु मध्ये कम्तीमा तीन जना लेखापरीक्षकको नाम नियुक्तिको लागि नगरपालिका समक्ष सिफारिस गर्ने,

(त) विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकहरुलाई विद्यालयको विकास तथा पठनपाठन सम्बन्धमा उत्प्रेरित गर्न आवश्यक व्यवस्था मिलाउने,

(थ) विद्यार्थीहरुलाई उपलव्ध भएको छात्रवृत्ति रकम प्रदान गर्ने,

(द) निरीक्षकले विद्यालयको छड्के जाँच वा निरीक्षण गर्दा हाजिरी पुस्तिकामा गयल जनाएकोमा त्यस्ता गयल भएका शिक्षक तथा कर्मचारीको गयल भएको दिनको तलव कट्टी गर्ने,

(ध) विद्यालय व्यवस्थापन समितिको सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने,

(न) नगरपालिका सँग सम्बन्ध गरी शैक्षिक विकासका कार्यकमहरु संचालन गर्ने,

(प) विद्यालयमा लक्षित समूहका लागि विशेष प्रकृतिको शैक्षिक कार्यकम संचालन गर्न आवश्यक देखिएमा नगरपालिकामा माग गर्ने,

(फ) वार्षिक रुपमा विद्यालयकालागि आवश्यक मालसामान, मसलन्द सामाग्रीको खरिद योजना स्वीकृत गर्ने,

(ब) विद्यालयको विपद् जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्युनिकरणका लागि कार्य योजना बमोजिम कार्यान्वयन गर्ने,

(भ) विद्यालयको चलअचाल सम्पतिको संरक्षण र सदुपयोग गर्ने,

(म) आफ्नै स्रोतबाट नियुक्त हुने शिक्षक तथा कर्मचारीको सेवा, शर्त तथा विभागीय कारवाहिलाई व्यवस्थित गर्न कार्यविधि बनाई शाखा प्रमुख मार्फत नगरपालिकाबाट स्वीकृत गराई लागु गर्ने,

(य) शिक्षक तथा कर्मचारीले आफ्नो पद अनुसारको आचरण पालना नगरेमा वा काम, कर्तव्य पुरा नगरेमा प्रचलित कानुन बमोजिम सचेत गराउने, बढिमा दुई ग्रेड वृद्धि रोक्का गर्ने वा बढिमा दुई वर्ष सम्म बढुवा रोक्का गर्न नगरपालिका समक्ष कारवाहीको लागि सिफारिस गर्ने,

तर यसरी विभागीय कारवाही अगाडि बढाउँदा सफाईको मनासिब मौकादिनु पर्नेछ ।

(र) नगरपालिकाले दिइएको निर्देशन अनुरुप काम गर्ने,

(ल) विद्यालयको सामाजिक परीक्षण गराई सम्बन्धित निकायहरुमा प्रतिवेदन गर्ने,

(व) स्थायी नियुक्ति भई आउने शिक्षकलाई विद्यालयमा हाजिर गराउने व्यवस्था मिलाउने,

(श) तोकिए बमोजिम शिक्षक अभिभावक संघ गठन गर्ने ।

(ष) विद्यालयमा स्वीकृत पाठ्क्रम तथा पाठ्यपुस्तकको उपलब्धता र प्रयोगको प्रभावकारीता जाँचबुझ गर्ने ।

(१०) संस्थागत विद्यालयको व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विद्यालयको शैक्षिक गुठीयार वा कम्पनीका सञ्चालक सँग समन्वय गरी विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा र सम्बर्धन गर्ने,

(ग) विद्यार्थीहरुलाई परीक्षामा सामेल गराउने,

(घ) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरुमा विद्यालयलाई सरिक गराउने,

(ङ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरुको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय,व्यय तथा शैक्षिक उपलब्धी र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(च) विद्यालयको शिक्षक पदको दरबन्दी स्वीकृत गर्ने तथा रिक्त पदमा अस्थायी शिक्षक नियुक्ति गर्ने र विद्यालयको नियमावलीमा व्यवस्था गरी स्थायी पदपुर्तीको प्रक्रिया शुरु गर्ने,

(छ) विद्यालयमा नियुक्ति शिक्षक तथा कर्मचारीलाई सामुदायिक विद्यालयका समान तहका शिक्षकले पाउने तलब भत्तामा नघट्ने गरी सुविधा उपलब्ध गराउने,

(ज) शिक्षक तथा कर्मचारी कल्याण कोषको व्यवस्था गर्ने,

(झ) खण्ड (ज) बमोजिमको कोषमा जम्मा भएको रकम सोहि खण्डमा उल्लिखित काममा मात्र खर्च गर्ने,

(ञ) आफ्नो आचरण अनुसार काम नगर्ने शिक्षक तथा कर्मचारीलाई विभागीय कारवाही गर्ने,

(ट) विद्यालयको लेखा परीक्षणको लागि प्रचलित कानुन बमोजिम दर्ता भएका लेखापरीक्षकहरु मध्येबाट कम्तीमा तीनजना लेखापरीषकको नाम नियुक्तिको लागि नगरपालिका समक्ष सिफारीस गर्ने,

(ठ) विद्यार्थीहरुले पनलना गर्नुपर्ने आचारसंहिता बनाई लागू गर्ने,

(ड) नगरपालिकाले दिएका निर्देशन अनुरुप काम गर्ने ।

(ढ) तोकिए बमोजिम शिक्षक-अभिभावक संघ गठन गर्ने ।

(ण) विद्यालयमा स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तकको उपलब्धता र प्रयोगको प्रभावकारिता जाँचबुझ गर्ने,

(११) व्यवस्थापन समितिले आफ्नो अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार व्यवस्थापन समितिको सदस्य सचिवलाई प्रत्यायोजन गर्न सकनेछ ।

(१२) व्यवस्थापन समितिको छनौट योग्यता तथा बैठक सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१३) **विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने :** (१) देहायको अवस्था वा तोकिए बमोजिमको कार्य पुरा गर्न नसकेमा सो कारण खुलाई शिक्षा शाखा प्रमुखको सिफारिसमा नगर शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ ।

(क) विद्यालयको सम्पति हिनामिना गरेमा,

(ख)विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा,

(ग) नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाको नीति विपरित काम गरेमा,

(घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रुपमा गर्न नसकेमा वा

(ङ) सम्बन्धित निकाय वा अधिकारीले दिईएको निर्देशनको पालना नगरेमा । तर त्यसरी विघटन गर्न अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भए पछी अर्को विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न र नियमानुसार विद्यालय व्यवस्थापन समिति गठन गर्न नगर शिक्षा समितिले एक अस्थाई विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ। उक्त समितिको म्याद बढिमा ६ महिनाको हुनेछ ।

(१४) **विद्यालयको सम्पति :** (१) विद्यालयको नाममा रहेको चल-अचल सम्पतिको सुरक्षाको गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र पदिय दायित्व प्रधानाध्यापकको हुनेछ ।

(२) सामुदायिक विद्यालयको चल अचल सम्पति सोहि विद्यालयको नाममा रहनेछ । सामुदायिक विद्यालयको हकभोगममा रहेको सम्पति सार्वजनिक सम्पति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको वा समायोजन गरिएको सामुदायिक विद्यालयको चल-अचल सम्पतिको व्यवस्थापन नगरपालिकाले गर्नेछ ।

(३) शैक्षिक गठी तथा सहकारीको रुपमा संचालित संस्थागत विद्यालयको चल- अचल सम्पति सोही विद्यालयको नाममा रहनेछ । त्यस्तो विद्यालयको सम्पति सार्वजनिक सम्पति मानिनेछ र यो सम्पतिको स्वरुप नगरपालिकाको स्वीकृति विना परिर्वन हुनेछैन ।

(४) कम्पनीको रुपमा संचालित संस्थागत विद्यालयको सम्पति कम्पनीको नाममा रहनेछ ।

(५) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान, दातव्यको रुपमा कुनै किसिमको चल - अचल सम्पति प्राप्त गर्नुअघि नगर शिक्षा समितिको स्वीकृति लिनुपर्नेछ ।

(६) उपदाफा (५) बमोजिमको सम्पति नगरपालिकाको स्वीकृति वेगर सट्टा पट्टा र बेचविखन गर्न पाईने छैन ।

(७) विद्यालयको सम्पति संरक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१५)**विद्यालयको वर्गीकरण :** विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

१६. **निःशुल्क शिक्षा तथा शुल्क सम्बन्धी व्यवस्थापन :** (१) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले निःशुल्क शिक्षा घोषण गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) कुनै संघसंस्था वा अभिभावकले आफ्नो स्वेच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार,चन्दा वा सहयोग लिन सकिनेछ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक तहसम्मको शिक्षा निःशल्क प्रदान गर्नको लागि आवश्यक स्रोतको व्यवस्था गरिनेछ ।

(४) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिईसकेपछि प:न सोहि विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागी भर्ना शुल्क लिन पाउने छैन ।

(५) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण तथा मर्मत गर्नका लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) संस्थागत विद्यालयले लिन पाउने तोकिए बमोजिमको शूल्क नगरपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नुपर्नेछ । यसरी शूल्क निर्धारणको स्वीकृति दिदा विद्यालयले उपलव्ध गराएको सुविधाको आधारमा दिईनेछ ।

(७) संस्थागत विद्यालयले लिन पाउने शूल्क तथा शूल्क निर्धारणको आधारहरु लगाएत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८) कुनै विद्यालयले यस ऐन अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरित कुनै शूल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शूल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनुपर्छ ।

(९) यस ऐन विपरित शूल्क लिने विद्यालयलाई नगरपालिकाले पचास हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

(१७) **विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति सम्बन्धी व्यवस्थाः** (१) नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सकनेछ ।

(२) विद्यालयमा छात्रवृत्ति विवरणलाई व्यवस्थित गर्न तोकिए बमोजिमको छात्रवृत्ति वितरण समिति रहनेछ ।

(१८) **संस्थागत विद्यालयको छात्रवृत्ति सम्बन्धी व्यवस्थाः** (१)संस्थागत विद्यालयले प्रत्येक कक्षामा प्रथम, द्धितिय र तृतिय हुने विद्यार्थीलाई कमशः शतप्रतिशत, पचास प्रतिशत तथा पच्चीस प्रतिशत शूल्क मिनाहा गरी जेहेन्दार छात्रवृत्ति उपलव्ध गराउनु पर्नेछ ।

(२) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम विपन्न तथा गरीव, महिला, जनजाति, दलित, अपांगता भएका र जेहेन्दार विद्यार्थीलाई निशुल्क छात्रवृत्ति उपलव्ध गराउनु पर्नेछ ।

(३) उपदाफा (२) बमोजिम छात्रवृत्ति बितरणका लागि विद्यार्थी छनौट गर्ने आधारहरु तथा प्रकृया सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१९) **विद्यालय खोल्न, कक्षा थप गर्न, नाम परिर्वतन गर्न, सार्न, गाभ्न, समायोजन गर्न, कक्षा वा तह घटाउन वा बन्द गर्न सक्ने :** (१) नगरपालिकाले नगर शिक्षा समितिको राय लिई कुनै ठाउँमा विद्यालय खोल्न, कक्षा थप गरी संचालन गर्ने अनुमति दिन, विद्यालयको नाम परिवर्तन गर्न, संचालन भई रहेको कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न, दुई वा सो भन्दा बढी विद्यालय गाभी एउटा विद्यालय कायम गर्न, एउटा विद्यालयलाई अर्को विद्यालयमा समायोजन गर्न कुनै विद्यालयको तह वा कक्षा बढाउन वा बन्द गर्न सक्नेछ ।

(२) नगरपालिकाले दुई वा सो भन्दा बढी सामुदायिक विद्यालयहरुलाई एक आपसमा गाभी वा समायोजन गरी एकिकृत आवासीय विद्यालयको रुपमा संचालन गर्न सक्नेछ ।

(३) विद्यालय खोल्ने, कक्षा थप गर्ने, नाम परिवर्तन गर्ने, सार्ने, गाभ्ने, समायोजन गर्ने, कक्षा वा तह घटाउने वा बन्द गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२०) **शिक्षकको सरुवा :** (१) सरुवा हुन चाहने स्थायी शिक्षकले तोकिए बमोजिमको निवेदन फारम भरी नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा शाखा प्रमुखले दरबन्दी रिक्त र विषय मिल्ने देखिएमा त्यस्तो शिक्षकलाई सरुवा गर्न सकनेछ । तर त्यसरी सरुवा गर्दा निवेदक कार्यरत स्थानको नगरपालिकाको सहमति लिई नगर शिक्षा समितिको निर्णय बमोजिम सरुवा गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एउटै विद्यालयमा पाँच वर्ष सेवा अवधि पुरा गरेको स्थायी शिक्षकलाई तोकिए बमोजिमको मापदण्डको आधारमा नगरपालिकाले आफ्नो नगर भित्रको कुनै पनि विद्यालयमा सरुवा गर्न सक्नेछ । तर दरबन्दी मिलान गर्दा वा तोकिए बमोजिमको विशेष कारणबश कुनै शिक्षकलाई कुनै विद्यालयबाट सरुवा नगरी नहुने भएमा त्यस्तो शिक्षकको एउटै विद्यालयमा पाँच वर्ष पुरा नभएको भएपनि कारण खुलाई यस दफा बमोजिम सरुवा गर्न बाधा पर्ने छैन ।

(४) स्थायी नियुक्ति लिएको एक वर्ष नपुगेको शिक्षक र अनिवार्य अवकास हुन एक वर्ष वा सो भन्दा कम अवधि बाकी रहेको शिक्षकको सामान्यतया सरुवा गरिने छैन ।

**(२१) <u>शिक्षक छनौट समिति:</u>** (१) सामुदायिक विद्यालयमा प्रधानाध्यापक वा करारमा शिक्षक नियुक्तिका लागि सिफारिस गर्न वा संस्थागत विद्यालयमा शिक्षक नियुक्तिको लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक छनौट समिति रहनेछ ।

(क) विद्यालय व्यस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितको सदस्य - अध्यक्ष

(ख) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक वा शिक्षा अधिकृत वा सो नभए शाखा प्रमुखले तोकेको प्रतिनिधि - सदस्य

(ग) नगरपालिकामा सुचिकृत विषय विशेषज्ञहरुमध्ये दुई जना - सदस्य

(घ) प्रधानाध्यापक - सदस्य सचिव

(२) शिक्षक सेवा आयोगले शिक्षक छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए शिक्षक छनौट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नुपर्नेछ ।

(३) शिक्षक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**(२२) <u>करारमा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्था :</u>** (१) नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा स्थायी शिक्षक नियुक्तिहुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नुपर्ने भएमा व्यवस्थापन समितिले शाखा प्रमुख मार्फत शिक्षक सेवा आयोगबाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सूची माग गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम माग गरेको सूची प्राप्त भएपछि सूचीमा रहेका उमेद्वारहरु मध्येबाट योग्यताकमका आधारमा व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम आयोगबाट प्रकाशित सूचीमा करारको लागि कुनै उमेद्वार नरहेमा वा सूचीमा समावेश भएका उमेद्वारले शिक्षक पदमा नियुक्त हुन निवेदन नदिएमा व्यवस्थापन समितिले शिक्षक छनौट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागि योग्यता पुगेका कुनै व्यक्तिलाई करारमा नियुक्ति गर्न सक्नेछ ।

(४) उपदफा (२) वा(३) बमोजिम करारमा शिक्षक नियुक्ति गर्दा शाखा प्रमुखबाट दरबन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराएर विषय मिल्ने गरी मात्र करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ ।

(५) राहत अनुदान कोटामा करार शिक्षक छनौट सम्बन्धी व्यवस्था यसै दफामा उल्लेख भए बमोजिम हुनेछ ।

**(२३) <u>विद्यालय तथा प्रारम्भिक बाल शिक्षा केन्द्रलाई अनुदान :</u>** (१) नगरपालिकाले सामुदायिक विद्यायहरुलाई देहायको आधारमा अनुदानको बाँडफाँड गर्नेछ ।

(क) विद्यालयको विद्यार्थी संख्या

(ख) विद्यालयको शिक्षक संख्या

(ग) विद्यालयको सिकाई उपलव्धी

(घ) विद्यालयको आर्थिक अवस्था

(२) नगरपालिकाको सहयोगमा खोलिएका प्रारम्भिक बाल शिक्षा केन्द्रलाई तोकिए बमोजिम नगरपालिकाले अनुदान दिन सक्नेछ ।

(३) विद्यालयले प्राप्त गरेको रकम जुन कामका लागि खर्च गर्न निकासा भएको हो सोही शीर्षकमा विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार खर्च गर्नु पर्नेछ ।

(४) यस ऐन प्रारम्भ हुँदाका बखत सामुदायिक विद्यालयलाई दिदै आएको अनुदान रकममा कटौती गरिने छैन ।

तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा र विद्यालयको तह वा कक्षा घटेकोमा वा समायोजन भएकोमा त्यस्तो विद्यालयलाई दिदै आएको अनुदान रकममा कटौती गर्न कुनै बाधा पर्ने छैन ।

(२४) **साझेदारीमा विद्यालय संचालन गर्न सक्ने:** (१) नगरपालिकाले सामुदायिक विद्यालयर सार्वजनिक गुठी अर्न्तगत संचालित विद्यालयहरु विच साझेदारीमा विद्यालय संचालन गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका विद्यालयको व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार साझेदारीका तरिका तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२५) **सामुदायिक सिकाई केन्द्र संचालन गर्न सक्ने:** (१) नगरपालिकाले समुदायमा साक्षरता, सिप विकास, निरन्तर सिकाइ र पुस्तकालय व्यवस्थापन समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाई केन्द्र संचालन गर्न सक्नेछ ।

(२) सामुदायिक सिकाई केन्द्र एक वडामा एउटा भन्दा बढी हुने छैन ।

(३) सामुदायिक सिकाई केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२६) **निर्देशन दिन सक्ने :** (१)कार्यपालिकाले आवश्यकता अनुसार नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिईएको निर्देशनको पालना गर्नु नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

(२७) **अनुमति वा स्वीकृति रद्द गर्ने:** कुनै विद्यालयले यो ऐन, यस अर्न्तगत बनेका नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड वा नगरपालिकाले दिईएको निर्देशन विपरित काम गरेमा त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृत नगरपालिकाले रद्द गर्नेछ ।

(२८) **विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने :** (१) विद्यालयमा स्वतन्त्र र भय रहित रुपमा सिकाई सहजिकरण गर्ने वातावरण सृजना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवान्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालयलाई सुरक्षित क्षेत्र कायम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२९) **बालबालिकालाई शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने :** (१) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाईने छैन ।

(३०) **शिक्षक तथा कर्मचारीको पदीय आचरण :**(१) शिक्षकहरु उच्च आदर्शले प्रेरित भई सिकाई सहजिकरण कार्यमा संलग्न हुनुपर्नेछ ।

(२) शिक्षक तथा कर्मचारीहरुको लागि आचरसंहिता तोकिनेछ । तोकिएका आचारसंहिताको पालना गर्नु शिक्षक तथा कर्मचारीको कर्तव्य हुनेछ ।

(३) तोकिएको आचारसंहिताको पालना नगरेमा एवम् देहायको अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाईनेछ ।

(क) पदीय दायित्व पुरा नगरेमा

(ख) विना सूचना लगातार १५ दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थिती रहेमा,

(ग) विद्यालयमा मादक पर्दाथ सेवन गरी आएको प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यवसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा,

यस खण्डको प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनीतिक दलको विधान बमोजिम गठित केन्द्रिय स्तर, प्रदेश स्तर, जिल्ला स्तर र स्थानीय स्तरका कार्यकारिणी समितिलाई सम्झनु पर्छ ।

(३१) **शिक्षकलाई अन्य काममा लगाउन नहुने :** (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने विद्यालयको प्रशासनिक व्यवस्थापन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन पाईने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालयको पठनपाठनमा बाधा नपुग्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन,सम्बन्धी काम, प्राकृतिक प्रकोप उद्धार वा नेपाल सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

(३) उपदफा १ र २ मा जेसुकै लेखिएको भएपनि नगरमा आबश्यक परेमा नगर प्रमुखले सामुदायिक विद्यालयका कुनै शिक्षकलाई नगरपालिकाको शिक्षा शाखामा कामकाज गर्ने गरि शिक्षा शाखा सहजकर्ता तोक्न सक्नेछन् ।

(३२) **तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :** नियमानुसार विदा वा काज स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थिति रहेको शिक्षक वा कर्मचारीले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा गणना हुने छैन ।

(३३) **स्थायी आवासीय अनुमति लिन नहुने :** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिनुहुदैन । यो दफा प्रारम्भ हुनुअघि कसैले स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन गरेको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा निजले काम गरेको सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ । यसरी बर्खास्त हुने शिक्षकले संघीय शिक्षा ऐनमा उल्लेख भए अनुसारका सुविधा मात्र प्राप्त गर्नेछ ।

(३४) **कर्मचारी सम्बन्धी व्यवस्था :** विद्यालयमा रहने कर्मचारीको दरबन्दी, नियुक्ति प्रक्रिया र कर्मचारीले पाउने सुविधा तोकिए बमोजिम हुनेछ ।

(३५) **शिक्षक विद्यार्थीको अनुपात,दरबन्दी मिलान र थप शिक्षक सहायता :** शिक्षक विद्यार्थीको अनुपात दरबन्दी मिलान र थप शिक्षक सहायता तोकिए बमोजिम हुनेछ ।

(३६) **ट्युसन,कोचिङ, जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा सञ्चालन सम्बन्धी व्यवस्था :** (१) ट्युसन,कोचिङ, शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कोर्ष, पूर्वतयारी कक्षा लगाएतका सेवा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३७) **स्वयम सेवक शिक्षक सम्बन्धी व्यबस्था :** (१) नगर कार्यपालिकाले कार्यविधि बनाइ स्वयम सेवक शिक्षक सम्बन्धी व्यबस्था गर्नेछ | तर हाल सम्म बिभिन्न तरिकाबाट स्वयम सेवक शिक्षकमा बिद्यालयहरुमा अध्यापन गराउदै आउनु भएका स्वयम सेवक शिक्षकहरुको हकमा सेवा प्रदान गरेकै मिति देखि लागु हुने गरि सम्बन्धित विद्यालय व्याबस्थापन समितिले निर्णय गरि प्रधानाध्यापकले करार सम्झौता गरि कामकाजमा निरन्तरता दिनु पर्नेछ |

(२) उपदफा (१) बमोजिम कामकाज गर्ने स्वयम सेवक शिक्षकहरुको निर्वाह खर्च नगर कार्यपालिकाले तोकिए बमोजिम हुनेछ |

(३) नगर कार्यपालिका कार्यालयले नगरकार्यपालिकाले तोके बमोजिम स्वयम सेवक शिक्षकहरुको निर्वाह खर्च सम्बन्धित विद्यालयहरुलाई अनुदान स्वरूप उपलब्ध गराउनु पर्नेछ |

(४) स्वयम सेवक शिक्षकहरुलाई कामकाज गर्न शिक्षक अनुमति पत्र अनिवार्य हुने छैन |

३८.**नगरपालिकाले बिद्यालय स्थापना एवम संचालन गर्न सक्ने :** (१)नगर कार्यपालिकाले निर्णय गरि आवश्यकताको आधारमा नया सामुदायिक बिद्यालय स्थापना गर्न अनुमति दिन वा आफ्नै लगानीमा वा निजी क्षेत्रको साझेदारी वा सहकारी साझेदारीमा नया बिद्यालय स्थापना वा संचालन गर्न सक्नेछ |

(२) उपदफा ( १ ) बमोजिम बिद्यालय स्थापना वा संचालन गर्दा नगर कार्यपलिकाबाट सो सम्बन्धी कार्यविधि बनाउन सक्नेछ |

३९. **नगरपालिकाले तालिम केन्द्र तथा प्राबिधिक शिक्षा संचालन गर्ने :** नगरपालिकाले नगर कार्यपालिकाबाट कार्यविधि बनाई आफ्नो लगानीमा वा निजि साझेदारी वा सहकारी साझेदारीमा तालिम केन्द्र तथा प्राबिधिक शिक्षा संचालन गर्न सक्नेछ |

४०.**विद्यालयले शाखा खोल्न सक्ने :** सामुदायिक विद्यालयले व्यवस्थापन समितिको निर्णय बमोजिम नगर शिक्षा समितिको अनुमतिमा मुला विद्यालयकै नाम राखी वा अरु कुनै नाम राखी मुल विद्यालयको व्यवस्थापन रहने गरि एक भन्दा बढी शाखा खोल्न सक्नेछ । त्यसरी खोलिएका विद्यालयहरुको शिक्षक,पठनपाठन तथा व्यवस्थापना सम्बन्धी व्यवस्था मुल विद्यालयले मिलाउनु पर्नेछ |

४१.**नियम बनाउने अधिकार :** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न यस ऐनको अधिनमा रही कार्यपालिकाले देहायका विषयका अत्तिरिक्त आवश्यक अन्य विषयमा नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

(क) विद्यार्थीलाई लाग्ने शुल्क निर्धारणका आधारहरु
(ख) विद्यालयको छात्रावृत्ति,
(ग) विद्यालयलाई दिइने अनुदान,
(घ) प्राविधिक तथा व्यवसायिक शिक्षा संचालन र व्यवस्थापन,
(ङ) विद्यार्थी सिकाई उपलब्धीको परीक्षण तथा मूल्यांकन,
(च) विद्यार्थी शिक्षक अनुपात तथा दरबन्दी मिलान,
(छ) विद्यालय नक्सांकन र समायोजन,
(ज) प्रति विद्यार्थी लागतका आधरमा शिक्षक सहयोग,
(झ) माध्यामिक तहको कक्षा ११ र १२ मा शिक्षक व्यवस्थापन,
(ञ) प्रारम्भिक बाल शिक्षा केन्द्र व्यवस्थापन,
(ट) विद्यालयको सह तथा अत्तिरिक्त क्रियाकलाप र कार्यक्रम,
(ठ) विद्यालयको सम्पतिको सुरक्षा,
(ड) विद्यालयको नामाकरण,
(ढ) विद्यालयमा छात्रावास संचालन सम्बन्धी व्यवस्था,
(ण) विद्यालयको पाठ्यक्रम पाठ्यपुस्तक र सन्दर्भ सामाग्री,
(त) विशेष तथा समावेशी शिक्षा,
(थ) अनौपचारिक तथा निरन्तर शिक्षा,
(द) दुर तथा खुला शिक्षा,
(ध) नगर शिक्षा कोष,
(न) विद्यालयको कोष,
(प) विद्यालयको पुस्तकालय र वाचनालय,
(फ) ट्युसन, कोचिंग, शैक्षिक परामर्श, भाषा शिक्षण जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा,
(ब) शिक्षक तथा विद्यार्थीको आचारसंहिता,
(भ) विद्यार्थी सल्लाह तथा निर्देशन सेवा,
(म) शिक्षक तथा विद्यालय व्यवस्थापन तालिम,
(य) प्रधानाध्यापक नियूक्तिको लागि आवश्यक योग्यता, काम, कर्तव्य, अधिकार र सुविधा
(र) विद्यालयको झण्डा, चिन्ह र प्रार्थना,
(ल) विद्यालयको परीक्षा,
(व) स्थानीय पुस्तकालय र वाचनालय संचालन सम्बन्धी व्यवस्था,
(श) अभिभावक शिक्षा,
(ष) विद्यालय शिक्षक तथा विद्यार्थी पोषाक,
(ह ) स्वयम सेवक शिक्षकको व्यवस्था

(३८) **बाधा अड्काउ हटाउने अधिकार** : यस ऐनको कार्यान्वयनमा बाधा अड्काउ परेमा कार्यपालिकाले आवश्यक आदेश जारी गर्नेछ ।

(३९) **बचाउ र लागु नहुने** :(१) यस ऐन अर्न्तगत बनेको दफामा लेखिएका कुराहरु यसै ऐन बमोजिम र यसमा नलेखिएका कुराहरु प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।
(२) यस ऐन वा अर्न्तगत उल्लृखित कुनै विषय संघीय कानुन वा प्रदेश कानुन सँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।